नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
मंसीर/पौष २०७४ (December 2017) वर्ष २१/अङ्क २४९

## ख्रीष्टमको केन्द्र येशू ख्रीष्ट हुनुहुन्छ

- एल्डर सिमोन पाठक

सबैभन्दा पहिला खीष्टमस कसले मनाएका थिए र कसरी मनाए ? सबैभन्दा पहिला स्वर्गदूतहरूले नै खीष्टमस मनाएका थिए । उनीहरूले परमेश्वरको स्तुति गर्दै खीष्टमस मनाएका थिए । येशू बेथलेहेममा जन्मनुभयो । उहाँको जन्म भएको दिनमा एक्कासी स्वर्गदूतसँग स्वर्गीय सेनाको दल इस्राएलको बेथलेहममा देखा पऱ्यो र परमेश्वरको स्तुति गर्दै खीष्टमस मनाए । स्वर्गदूतहरूले येशूको जन्म भएको दिनमा घोषणा गर्दै उच्चारण गरेका शब्दहरू यसप्रकार छन् :

**"सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूलाई शान्ति !"** (लूका २:१४)

स्वर्गदूतहरूले खीष्टमसको उत्सव मनाइसकेपछि पृथ्वीमा भएका मानव प्राणीहरूमा खीष्टमस मनाउने पहिलो व्यक्तिहरू भेडा गोठालाहरू थिए ।

**"जब स्वर्गदूतहरू तिनीहरूबाट बिदा भएर स्वर्गमा गए, तब गोठालाहरूले आपसमा भने, आऔं, हामी बेथलेहेमसम्म जाऔं, र त्यहाँ घटेको यो घटना र परमप्रभुले हामीलाई बताउनुभएको कुरा गएर हेरौं"** (लूका २:१५-२०) ।

डिसेम्बर २५ तारिखका दिन खीष्टमस भनेर खीष्ट जन्मोत्सव मनाउने परम्परा इ.सं. ३३६ तिर भएको भए तापनि बाइबलमा खीष्ट जन्मोत्सव उहाँ जन्मनुभएकै दिनदेखि सुरू भएको पाउँछौं । कतिले डिसेम्बर २५ को दिन खीष्टमस मनाउने सम्बन्धमा तार्किक विचार राखेर टिप्पणी गर्ने गर्छन् । तर यथार्थता के हो भने येशू खीष्ट २१ औं शताब्दी अघि पृथ्वीमा जन्मनुभयो । करिब तीस वर्षको उमेरमा परमेश्वर पिताको मिशन सार्वजनिक रूपमा शुरू गर्नुभयो र करिब तेत्तिस वर्षको उमेरमा क्रूसमा टाँगिनुभयो, मारिनुभयो र तेस्रो दिनमा मृत्युबाट जीवित हुनुभयो र चालीस दिनपछि स्वर्गमा चढिजानुभयो ।

मानव जातिलाई यो सन्देश छर्दै खीष्टमस मनाउनु नै साँचो खीष्टमस हो । खीष्टमसको केन्द्र येशू नै हुनुहुन्छ । रमाइलो गर्नु, क्यारोल खेल्नु, भोज खानु, उपहार आदानप्रदान गर्नु, आफूसँग भएका सम्पत्तिहरूद्वारा अरूहरूलाई आशिष् पुऱ्याउनु, आदि कुराहरू गर्नु मात्र खीष्टमस होइन । हामी यी कुराहरू गर्दछौं किनकि मानिस सामाजिक प्राणी हो । यस्ता कुराहरूले हाम्रो प्राणलाई उत्साहित पार्ने, आनन्द महसुस गराउने गर्छ । परमेश्वर पिताले आफ्नो पुत्र मानव जातिलाई दिनुभएको कारण नै मानव जातिको निम्ति पाप क्षमा सम्भव भयो र परमेश्वर पितासँग येशू खीष्टद्वारा मिलाप भएको कारण मानव सन्तान परमेश्वरको सन्तान हुन सम्भव भयो । यो खुशीमा हामी रमाइलो गर्ने गर्छौं । तर यी सबै कुराहरू गर्दै गर्दा खीष्टचाहिँ हाम्रो हृदयको केन्द्रमा प्रभु भएर राज्य गर्न दिनु जरूरी छ । उहाँलाई हृदयदेखिको स्तुति गर्नु, दण्डवत गर्नु, र भक्ति चढाउनु नै साँचो खीष्टमस हो । ज्ञानी मानिसहरूले आनन्दित हुँदै येशूलाई सुन, सुगन्धित धूप र मूर्रका भेटी चढाएर खीष्टमस मनाए । स्वर्गदूतहरू र भेडा गोठालाहरूले खीष्टमस मनाएको समय र ज्ञानी मानिसहरूले खीष्टमस मनाएको समय अवधि फरक छ । यसबाट हामी एउटा पाठ सिक्न सक्छौं कि खीष्टमस कसले र कहिले मनाएभन्दा पनि कसरी मनाए भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ ।

यरूशलेममा शिमियोन नाउँ भएका एकजना धर्मी र भक्त मानिस थिए । उनले खीष्टलाई नदेखेसम्म तिमी मर्ने छैनौ भन्ने प्रकाश पवित्र आत्माबाट पाएका थिए (लूका २:२६) । येशूको जन्म भएपछि योसेफ र मरियम बालक येशूलाई व्यवस्थाअनुसारको विधि गर्न यरूशलेमको मन्दिरमा गए । मोशाको व्यवस्थाअनुसार छोरा जन्मेको आठौं दिनमा खतना गर्नुपर्थ्यो र ३३ दिनमा आमाको शुद्धिकरणको निम्ति होमबलीको निम्ति एउटा एक वर्षे थुमा र पापबलिको निम्ति परेवाको एउटा बचेरा वा एउटा ढुकुर पूजाहारीकहाँ ल्याउनुपर्थ्यो (लेवी १२:१-८) ।

योसेफ र मरियम मोशाको व्यवस्थाअनुसारको विधि पूरा गर्न यरूशलेमको मन्दिरमा गएको समयमा शिमियोन पवित्र आत्माले निर्देशन गरेअनुसार मन्दिरमा पुगे र तेत्तिस दिनको बालक येशूलाई काखमा लिएर परमेश्वरलाई धन्यवाद दिएर खीष्टमस मनाए । हन्ना नाउँकी एकल वृद्ध अगमवादिनी जो चौरासी वर्ष पुगेकी थिइन्, उनले परमेश्वरलाई येशूको जन्म पृथ्वीमा भएकोमा धन्यवाद दिँदै खीष्टको जन्म कहिले हुने हो भनी प्रतिक्षा गरिरहेका सबै मानिसहरूलाई शुभ खबर सुनाएर खीष्टमस मनाइन् ।

खीष्टमस कसरी मनाउनुपर्छ भन्ने कुराको असल नमूना बाइबलमा नै पाउँछौ । स्वर्गदूतहरूले परमेश्वरलाई महिमा र पृथ्वीमा उहाँ प्रसन्न हुनुभएका मानिसहरूलाई शान्तिको सन्देश छर्दै खीष्टमस मनाए भने गोठालाहरूले देखेको र

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरुजुधारा | भैंसेपाटी |
| मंसीर २३ December 9 | पाष्टर रोबर्ट कार्थक पाष्टर युजिंग | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर शारोन रोंगोंग | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर नभराज के.सी. | एल्डर सीता गुरूङ्ग |
| पौष १ December 16 | पाष्टर सामुएल कार्थक | श्री रमेश लामा | श्री लेख नाथ पौडेल | एल्डर सिमोन पाठक | श्री सुकराम तामाङ्ग | एल्डर घन श्याम दाहाल | पाष्टर रोल्याण्ड रोंगोंग |
| पौष ८ December 23 | बाल संगति दिवस | श्री सिद्धि खालिङ | डीकनेस् रमा राई | पाष्टर रोबर्ट कार्थक | एल्डर रूबेन श्रेष्ठ | डीकन रूद्र राई | एल्डर सिमोन खालिङ |
| पौष १० December 25 | खीष्ट जन्मोत्सव कार्यक्रम | | | | | | |
| पौष १५ December 30 | पाष्टर बर्णबास श्रेष्ठ | डीकन हरि थापा | एल्डर सामुएल क्षेत्री | पाष्टर दफ्तन सादा | डीकन सिमोन भण्डारी | श्री श्रीराम सुर्खेती | संयुक्त सेवा ललितपुर चर्च |
| पौष २२ January 6 | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग | श्रीमती गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

सुनेको सुसमाचार मानिसहरूलाई बाँड्दै खीष्टमस मनाए अनि ज्ञानी मानिसहरूले बालक येशूको अघि घोप्टो परेर दण्डवत गर्दै कन्तुरमा भएको सुन, सुगन्धित धूप र मूर्र चढाएर खीष्टमस मनाए भने लामो समयदेखि खीष्टको प्रतिक्षा गर्ने शिमियोनले परमेश्वर पितालाई धन्यवादका शब्दहरूमा उहाँको स्तुति गरेर खीष्टमस मनाएका थिए, अनि चौरासी वर्षकी एकल महिला हन्नाले परमेश्वरलाई धन्यवाद दिँदै उहाँको विषयमा नसुनेका यरूशलेमका मानिसहरूलाई सुसमाचार सुनाएर खीष्टमस मनाइन्। बाइबलमा खीष्टमस फरक फरक व्यक्तिहरूले फरक स्थान र समयमा फरक तरिकाले मनाएका थिए। परमेश्वर पिताले पूत्रलाई संसारमा नपठाउनुभएको भए यो दिन इतिहासमा हुने थिएन। पिताले आफ्नो एकमात्र पूत्रलाई मानव जातिको उद्धारको निम्ति दिनुभएर खीष्टमसको प्रारम्भ गर्नुभयो। यो वर्षको खीष्टमससमा हामी के गरेर खीष्टमसको शुभारम्भ गर्न चाहन्छौं ? के हामीले खीष्टमस मनाउने विषयमा गरेका योजनाहरू र सोचहरूले केवल उहाँको मात्र स्तुति, आदर, भक्ति र महिमा हुन्छ ?

## हार्दिक शुभकामना

प्रभु येशू खीष्टको जन्मोत्सव (खीष्टमस) तथा नव वर्ष सन् २०१८ को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, शाखा तथा आवद्ध मण्डलीहरू, देश विदेशमा हुनुभएका सम्पूर्ण मण्डली परिवारहरू साथै सम्पूर्ण देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभकामना व्यक्त गर्दछौं।

### जानकारी



ज्ञानेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री प्रेम बहादुर गुरूङ्ग ८७ वर्षको उमेरमा कार्तिक २६ गते/नोभेम्बर १२ तारिख आइतबार प्रभुमा सुत्नुभयो।



किर्तिपुर बस्नुहुने नेइम ललितपुर मण्डलीको सदस्य श्री गोविन्द बानियाँ ४८ वर्षको उमेरमा मंसिर ८ गते/नोभेम्बर २४ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो।

## डिसेम्बर महिनाको कार्यक्रम

मंसीर २४ गते/डिसेम्बर १० तारिख आइतबार बिहान १०:०० बजे **नेइम कार्यकारिणीको बैठक** नेइम जोरपाटी मण्डलीमा।

पौष २ गते/डिसेम्बर १७ तारिख आइतबार बिहान १०:०० बजे **नेइम परिषद्को बैठक** ज्ञानेश्वर मण्डलीमा।

पौष १० गते/डिसेम्बर २५ तारिख सोमबार **खीष्टमस सेवा**।

पौष १६ गते/डिसेम्बर ३१ तारिख आइतबार राति ९:३० बजे **आधा रातको प्रार्थना** आ-आफ्नै ठाउँमा।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **जहरसिंह पौवा** | **गाम्छा** | **सुन्दरीजल** | **साँखु** | **गोंगबूँ** | **धापासी** | **भंगाल** |
| **मंसीर २३**<br>December 9 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | श्री<br>राज गुरूङ्ग | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>कुमार राई |
| **पौष १**<br>December 16 | संयुक्त सेवा जोरपाटी चर्च | | | | | एल्डर<br>छोदेन कार्थक | श्री<br>प्रशान्त सिंह | श्री<br>कुमार राई |
| **पौष ८**<br>December 23 | एल्डर<br>दानियल सापकोटा | श्री<br>कृष्ण तामाङ्ग | श्री<br>कृष्ण श्रेष्ठ | एल्डर<br>गोपी राई | श्री<br>कृष्ण नगरकोटी | एल्डर<br>घन श्याम दाहाल | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>जोरविर राई |
| **पौष १०**<br>December 25 | खीष्ट जन्मोत्सव कार्यक्रम | | | | | | | |
| **पौष १५**<br>December 30 | एल्डर<br>जमान घ्लान | एल्डर<br>गोपी राई | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>सागर थापा | एल्डर<br>दानियल सापकोटा | पाष्टर<br>कर्ण तामाङ्ग | डीकन<br>जिल्बर्ट मिशो | श्री<br>चन्द्र मोक्तान |
| **पौष २२**<br>January 6 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>सागर थापा | एल्डर<br>दानियल सापकोटा | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घ्लान | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छोदेन कार्थक | संयुक्त सेवा<br>धापासी चर्च |

## विशेष प्रार्थना

१. मंसीर १० गते भएको चुनाव साथै मंसीर २१ हुन गइरहेको चुनाव शान्तिपूर्ण, उत्साहका साथ भएको होस् साथै देशको विकास गर्ने योग्य इमान्दार व्यक्तिहरू चुनावमा चुनेर आउन सकून् ।

२. खीष्टमसको अवसरमा विभिन्न माध्यमहरू जस्तै रेडियो, एफ.एम., टि.भी., नाटक, भजन तथा गीतहरूद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् साथै विभिन्न मण्डलीहरूमा हुने खीष्टमस सेवाहरूको लागि प्रार्थना गरिदिऔं ।

३. पौष १० गते/डिसेम्बर २५ तारिख सोमबार हुने खीष्टमस सेवामा वचनको सेवकाइ गर्नुहुने, आराधना झुण्ड, संचालन गर्नुहुने साथै सो दिनको कार्यक्रममा साउण्ड सिस्टम, सुरक्षा, मौसम, टाढा नजीकबाट आउनुहुने मण्डलीका सदस्यहरू र सबै व्यवस्था मिलाउनेहरूको लागि प्रार्थना गरिदिऔं ।

४. सारा संसारका मानिसहरूले खीष्टमसको सही अर्थ बुझेर यो उत्सव मनाउन सकून् ।

५. खीष्टमसको अवसरमा पारिवारिक भेटघाटको लागि यात्रा गर्नुहुने साथै सारा संसारभरि हुने सेवा संगतिहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।

६. आउँदो वर्ष २०१८ साल नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं ।

७. आउँदा दिन र वर्षहरूमा पनि प्रभुको इच्छा र योजना पूरा गर्दै जान देशका सबै मण्डलीहरू साथै खीष्टिय संघ संस्थाहरूको निम्नि पवित्र आत्माको अगुवाइ र निर्देशनको लागि प्रार्थना गरिदिऔं ।

८. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

९. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम र विभिन्न देशहरूमा जानुभएका नेपाली दाजुभाइ दिदीबहिनीहरू पनि कुनै न कुनै माध्यमहरूद्वारा सुसमाचार सुनेर विश्वास गर्न सकून् ।

१०. नेइमअन्तर्गतका मण्डलीहरूको निम्ति जग्गा किन्न र मण्डली भवन बनाउनका लागि समयमा नै रूपैया पैसा जुट्न सकोस् भनी प्रार्थना गरौं ।

## हार्दिक बधाई



मंसीर ३ गते/नोभेम्बर १९ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **राम कुमार लामा** र नेइम सिर्जनानगर मण्डलीकी सदस्य सुश्री **रीता लामा**को नेइम ज्ञानेश्वर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राम कुमार** र **रीता लामा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ३ गते/नोभेम्बर १९ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **सूर्य भण्डारी** र नेइम बुक्सा मण्डली, सोलुकी सदस्य सुश्री **दिना राई** को नेइम बुक्सा मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सूर्य** र **दिना भण्डारी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ११ गते/नोभेम्बर २७ तारिख सोमबार नेइम उत्साह मण्डली, मकवानपुरको सदस्य श्री **मान बहादुर लुङ्बा** र नेइम गोठडाँडा मण्डली, मकवानपुरकी सदस्य सुश्री **सविता घिसिङ** को नेइम गोठडाँडा मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **मान बहादुर** र **सविता लुङ्बा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर १२ गते/नोभेम्बर २८ तारिख मंगलबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्यहरू **इश्वर भट्ट** र **कमला चौहान** को नेइम ज्ञानेश्वर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **इश्वर** र **कमला भट्ट**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १७ 3<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्नो सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | २४ 10<br>नेइमअन्तर्गत विभिन्न शाखा आवद्ध मण्डलीहरूमा वचनको भोक तिर्खा बढेर गएको होस् ।<br>भजनसंग्रह १०७:९ | २ 17<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>यशैया ४५:१८-२५ | ९ 24<br>सारा संसारका मण्डलीहरू साथै मानिसहरूले ख्रीष्टमसको सही अर्थ बुझेर यो उत्सव मनाउन सकून् ।<br>रोमी १४:१७-१८ | १६ 31<br>यो वर्षभरि देश, मण्डली, परिवार र व्यक्तिगत जीवनको निम्ति परमेश्वरले राखिदिनु भएको प्रशस्त आशिषहरूको निम्ति धन्यवाद चढाऔं ।<br>१ कोरिन्थी २:९, एफिसी १:३ |
| **सोमबार**<br>Monday | १८ 4<br>नेपाल देशका सबै मण्डलीहरू प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् ।<br>यर्मिया २९:११ | २५ 11<br>अधुरो परिवारमा हुनुभएकाहरू सबै अवस्थामा परमेश्वरमा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८ | ३ 18<br>ख्रीष्टमसको अवसरमा हुने सुसमाचार प्रचार, सभा साथै सेवा संगतिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ९:२ | १० 25<br>सारा संसारका मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>लूका २:८-११, यूहन्ना १४:६ | १७ January 2018, 1<br>यो वर्ष मण्डली आत्मामा, गुणमा, संख्यामा साथै अरू सबै क्षेत्रहरूमा अझै आशिषित् भएर जान सकौं ।<br>यशैया ४३:१८-२१ |
| **मंगलबार**<br>Tuesday | १९ 5<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई हामीहरू सधैं परमेश्वरको इच्छाअनुसार जिउनको लागि पवित्र आत्माको सहायता मागौं ।<br>फिलिप्पी ४:८-९ | २६ 12<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै अन्य भेटी दिने काममा सधैं इमानदार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ | ४ 19<br>पारिवारिक भेटघाटको लागि यात्रा गर्नुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २१:१-८ | ११ 26<br>ख्रीष्टमसको अवसरमा विभिन्न माध्यमद्वारा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।<br>लूका २:९-१४ | १८ 2<br>मण्डलीहरूका गुरुजनहरूले मण्डलीलाई प्रभुको इच्छाअनुसार डोऱ्याउन पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>एज्रा ७:१० |
| **बुधबार**<br>Wednesday | २० 6<br>परमेश्वरको इच्छाअनुसार हामी दिन प्रतिदिन पवित्र आत्माको सहायतामा प्रभुमा बढ्दै जान सकौं ।<br>कलस्सी ३:१-४ | २७ 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउन सकून् भनी प्रार्थना गरौं ।<br>प्रेरित १६:३१-३२ | ५ 20<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना २०:२१-२३ | १२ 27<br>सुसमाचार सुनाउने कुरामा हामी सबै लागि पर्न सकौं ।<br>रोमी १०:९-१७ | १९ 3<br>यो वर्ष अझ धेरै मानिसहरू सुसमाचार, आश्चर्यकर्म साथै साक्षीद्वारा परमेश्वरको राज्यमा आउन सकून् ।<br>यूहन्ना १०:१६ |
| **बिहीबार**<br>Thursday | २१ 7<br>सबै विश्वासीहरू वर्तमान संसारको बहकाउने, निरास गराउने, भुलाउने कुराहरूबाट अलग रहन सकून् ।<br>रोमी १२:१२ | २८ 14<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून ।<br>भजनसंग्रह ४६:१-११ | ६ 21<br>संसारका देवहरूले बन्द बनाएका मानिसहरूको समक्ष खोलिएको होस् भनी प्रार्थना गरौं ।<br>२ कोरिन्थी ४:४, १०:३-५ | १३ 28<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | २० 4<br>परमेश्वरको इच्छाअनुसार मण्डली पवित्र आत्माको अगुवाइमा अघि बढ्दै जान सकौं ।<br>भजनसंग्रह ३२:८ |
| **शुक्रबार**<br>Friday | २२ 8<br>आराधना सेवामा वचन प्रचार, स्तुति प्रशंसा, सुसमाचार, सञ्चालन साथै अरू सबै क्षेत्रमा जिम्मा लिनुहुनेहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:१०-११ | २९ 15<br>मण्डली, सेवा संगति साथै झुण्डहरूलाई प्रभुमा डोऱ्याउन सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरौं ।<br>मत्ती ९:३५-३८ | ७ 22<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२, तीतस २:११ | १४ 29<br>यो वर्षभरिका सबै आशिषहरूको निम्ति सबै आदर, भक्ति महिमा परमप्रभु परमेश्वरलाई नै चढाऔं ।<br>भजनसंग्रह १०५:१-१५ | २१ 5<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा अझ जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह १:१-६ |
| **शनिबार**<br>Saturday | २३ 9<br>प्रत्येक शनिबार वचनको सेवकाइ गर्नुहुनेहरूको सेवकाइमा आशिष् मागिदिऔं ।<br>भजनसंग्रह ४७:१-९ | १ पौष 16<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बढ्दै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | ८ 23<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | १५ 30<br>आउँदो वर्षभरि आशिषित् भएर जिउनको लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>व्यवस्था ११:८-१२ | २२ 6<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० |

**अन्धकारमा हिंड्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन् । मृत्युको छायाँको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ । (यशैया ९:२)**

**तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ" (लूका २:१०-११) ।**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,